मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
## मासिक समाचार पत्रिका
अंक २ , २०८१ भाद्र १५ , 31 Aug 2024

# स्वास्थ्यकर्मीहरुका लागि ४ दिने खोप सम्बन्धि आधारभूत तालिम सम्पन्न

स्वास्थ्य निर्देशनालय मधेश प्रदेशको आयोजना तथा युनिसेफ नेपालको सहयोगमा स्वास्थ्यकर्मीहरुका लागि खोप सम्बन्धि ४ दिने आधारभूत तालिम सम्पन्न भएको छ ।

मधेश प्रदेशका सर्लाही र महोत्तरी जिल्लाका खोप सम्बन्धि आधारभूत तालिम नलिएका नयाँ खोप कार्यकर्तालाई लक्षित गरि तालिम संचालन गरिएको थियो । मिति २०८१/०४/२१ देखि २०८१/०४/२४ सम्म पहिलो ब्याच तथा २०८१/०४/३० देखि २०८१/०५/०१ सम्म दोश्रो ब्याच गरि जम्मा २ वटा ब्याचमा संचालित तालिममा जम्मा 36 जना स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो ।



**तालिमको उद्देश्य :**

१) राष्ट्रिय खोप कार्यक्रमको लक्ष्य, उद्देश्य, रणनीति, उपलब्धी र चुनौति बारे जानकारी गराउने,
२) राष्ट्रिय खोप कार्यक्रममा उपलब्ध खोपहरु, नयाँ खोप र खोपबाट बचाउन सकिने रोगहरु बारे जानकारी गराउने
३) खोप प्रदान गर्ने स्वास्थ्यकर्मीलाई गुणस्तरीय खोप सेवा प्रदान गर्न ज्ञान सीपको विकास एवं आफ्नो भूमिका र जिम्मेवारी महशुस गराउने
४) खोप कोल्डचेन व्यवस्थापन, खोप र खोप सामाग्रीको ब्यबस्थापनबारे जानकारी गराउने
५) ए.ई.एफ.आई र सो को व्यवस्थापन, भि.पि.डी.सर्भिलेन्स सम्बन्धी जानकारी गराउने
६) खोप कार्यक्रममा प्रयोग हुने अभिलेख र प्रतिवेदन फारमहरु र प्रयोगबारे जानकारी एवं सीप विकास गर्ने
७) खोप सुचकहरुको विश्लेषण, तथ्याङ्क प्रयोग सम्बन्धी ज्ञान एवं सीप अभिवृद्धि गराउने
८) खोप सेवा सुदृढीकरणमा सुक्ष्मयोजनाको महत्व, प्रकृया, जिम्मेवारीबारे जानकारी गराई सुक्ष्मयोजना फारमको अभिमुखिकरण र अभ्यास गराउने
९) पूणर्खोप घोषणा र दिगोपना, यसको प्रक्रिया तथा भुमिकाको बारेमा जानकारी गराउने
१०) नियमित खोप कार्यक्रममा सरसफाई प्रबद्र्धन कार्यक्रमको महत्व बुझि खोप सेसनमा सरसफाई सेसन संचालन गर्ने सिप तथा क्षमताको विकास गराउने
११) खोप ऐन २०७२, नियमावली २०७४ को बारे जानकारी गराउने



**उपलब्धि र सिकाई**

१) राष्ट्रिय खोप कार्यक्रममा उपलब्ध खोपहरु, नयाँ खोप र खोपबाट बचाउन सकिने रोगहरु बारे खोप कार्यक्रमका नयाँ तथा पुराना कर्मचारीहरुलाई जानकारी भएको
२) खोप प्रदान गर्ने स्वास्थ्यकर्मीको गुणस्तरीय खोप सेवा प्रदान गर्न विभिन्न सहजकर्ताद्वारा ज्ञान र डेमोन्ट्रेसनबाट सीपको विकास भएको
३) खोप कोल्डचेन व्यवस्थापन, भि.पि.डी.सर्भिलेन्स , खोप कार्यक्रममा प्रयोग हुने अभिलेख र प्रतिवेदन फारमहरु र प्रयोगबारे पूर्ण जानकारी भएको
४) पूणर्खोप घोषणा र दिगोपना, यसको प्रक्रियाको बारेमा जानकारी भएको
५) नियमित खोप कार्यक्रममा सरसफाई प्रबद्र्धन कार्यक्रमको महत्व बुझि खोप सेसनमा सरसफाई सेसन संचालन गर्ने सिप तथा क्षमताको विकास भएको

तालिममा सहभागीहरुलाई गुणस्तरीय खोप सेवा प्रदान गर्न राष्ट्रिय खोप कार्यक्रममा उपलब्ध खोपहरु, नयाँ खोप र खोपबाट बचाउन सकिने रोगहरु, खोप कोल्डचेन व्यवस्थापन, भी.पी.डी. सर्भिलेन्स, खोप कार्यक्रममा प्रयोग हुने अभिलेख र प्रतिवेदन फारमहरु र प्रयोगबारे पूर्ण जानकारी र नियमित खोप कार्यक्रममा सरसफाई प्रबद्र्धन कार्यक्रमको महत्वको बारेमा जानकारी साथै खोप सेसन संचालन गर्ने अभ्यास गरिएको थियो ।

तालिममा स्वास्थ्य निर्देशनालय, प्रदेश खोप आपूति ब्यबस्थापन केन्द्र ,युनिसेफ, बिश्व स्वास्थ्य संगठन, मधेश प्रदेशका प्रतिनिधिहरुले सहजीकरण गरेका थिए ।

तालिम स्वास्थ्य निर्देशनालयका निर्देशक डा. राजिव कुमार झाको अध्यक्षता साथै खोप अधिकृत लक्ष्मेश्वर झाको मुख्य प्रशिक्षणमा सम्पन्न भएको थियो ।

# eLMIS Refresher Training सम्पन्न

स्वास्थ्य निर्देशनालय मधेश प्रदेश को आयोजना र FHI 360 नेपाल ( EpiC PSM ) को आर्थिक तथा प्रबधिक सहयोगमा eLMIS Refresher Training स्थानीय तह स्वास्थ्य शाखा प्रमुख तथा मातहत का eLMIS लागु भएको स्वास्थ्य संस्थाहरु बाट स्वास्थ्यकर्मी लाई दुई दिने पुनर्ताजगी तालिम सम्पन्न भएको छ

eLMIS Refresher Training स्वास्थ्य निर्देशनालय को निर्देशक डा राजिव कुमार झा ज्यु को अधक्ष्यतामा र डा मनिष पाण्डे ज्यु निर्देशक प्रदेश स्वास्थ्य आपूर्ति ब्यबस्थापन केन्द्र जनकपुरधाम को बिसिस्ट अथितीमा संचालन भएको थियो। सहजीकरण को लागि स्वास्थ्य निर्देशनालय का तथ्यांक अधिकृत ज्यु हरु, प्रदेश स्वास्थ्य आपूर्ति ब्यबस्थापन केन्द्र जनकपुरधाम का फार्मेसी अधिकृत ज्यु हरु, केन्द्रीय मेडिकल स्टोर पथलैया का जनस्वास्थ्य निरक्ष्यक लगायत eLMIS सपोर्ट सेन्टर ब्यबस्थापन महाशाखा टेकु बाट मुख्य प्रशिक्छक, अन्य सरोकारवाला युनिसेफ, यूनएफपीए, एडारा, तथा कार्यक्रम ब्यबस्थापन EpiC PSM बाट भएको थियो।






**तालिमको लक्ष्य (Goal):**
औषधि तथा स्वास्थ्य सामग्रीहरुको उपलब्धतालाई सुनिश्चित गरी स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आवश्यक पर्ने तथ्याङ्कहरू अनलाईन ९यलष्पिभ० को माध्यमद्धारा आपूर्ति व्यवस्थापनका सूचनाहरु तयार गर्न स्वास्थ्य संस्थाहरुमा भण्डार सम्बन्धी जिम्मा लिएका व्यक्तिहरुको ज्ञान तथा सीपको अभिबृद्धि गराउनु यो तालिमको लक्ष्य रहेको छ ।

**तालिमको उद्देश्यहरु:**
१. सहभागीहरूले आपूर्ती व्यवस्थापनका लाागि भीःक्ष्व विधि र प्रक्रियाका बारेमा वुझ्न र प्रयोग गर्न सक्ने छन् ।
२. आपूर्ती व्यवस्थापन प्रणालीमा प्रयोग हुने अभिलेख तथा प्रतिवेदन फारमहरू अनलाईन कम्प्युटर सिस्टममा अभिलेख राख्न सक्ने छन् ।
३. स्वास्थ्य संस्थामा अत्यावश्यक औषधीहरूको नियमित रुपमा आपूर्ति व्यवस्थापनका गर्न कर्मचारीहरू सक्षम हुने छन् ।
४. सहभागीहहरूले गुणस्तरीय तथ्यांक व्यवस्थापन गर्न र प्रतिवेदन तयार गर्न सक्षम हने छन् ।

उक्त तालिम पहिलो चरणमा रौतहट र महोत्तरी जिल्ला अन्तर्गत को सबै स्थानीय तह तथा मातहत का eLMIS लागु भएको स्वास्थ्य संस्थाहरु बाट पहिले eLMIS सम्बन्धि तालिम लिसकेका स्वास्थ्य शाखा प्रमुख / स्वास्थ्य संजोजक र स्वास्थ्य संस्था बाट स्वास्थ्यकर्मीहरु लाई दुई दिने पुनर्ताजगी तालिम मिति २०८१ श्रावण २८-२९ गते रौतहट र २०८१ श्रावण ३०-३१ गते महोत्तरी जिल्लाहरु लाई बर्दिबास मा सम्पन्न भएको छ उक्त कार्यक्रम मा ३० / ३० जना उपरोक्त जिल्ला बाट सहभागी लाभंभित भएको छ ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
# मासिक समाचार पत्रिका
अंक २ , २०८१ भाद्र १५ , 31 Aug 2024

## Global leprosy mapping सम्बन्धि कार्यक्रम सम्बन्धि एक दिने अभुमुखिकरण कार्यक्रम

Global leprosy mapping सम्बन्धि कार्यक्रम सम्बन्धि एक दिने अभुमुखिकरण कार्यक्रम सिरहा जिल्ला को १ पालिका सम्पन्न भएको छ यस कार्यक्रम मा सिरहा जिल्लाका नगर पालिका भित्र का सम्पूर्ण कुष्ठरोग इन्चार्ज र फोकल पर्सनहरु लाई अबकभ  दबकभ  सम्बन्धि तालिम दिएको छ

**तालिमको उद्देश्य**

केसमा आधारित रिपोटिङले व्यक्तिगत विभिदताको आधारमा विरामी व्यवस्थापनलाई सजिलो बनाउँछ। यसले अनुगमन र खोजपडताललाई वढाउन, लक्षित क्रियाकलापहरुलाई प्रभावकारी रुपमा संचालन गर्न, गुणस्तरमा सुधार गर्न, र रोग निवारणका लक्ष्यहरुको अनुगमन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। प्रत्येक प्रभावित व्यक्तिलाई व्यक्तिगत विभिदताको आधारमा बुझ्नका लागि जनसांख्यिकीय जानकारी, क्लिनीकल लक्षण चिन्हहरु, उपचार हिस्ट्री, र उपचारमा भएको प्रगति जस्ता तत्वहरुमा ध्यान दिनुपर्छ।

प्रत्येक प्रभावित व्यक्तिको योजनावद्ध दस्तावेजीकरण र प्रतिवेदन गरिन्छ, जसले मंत्रालय वा माथिल्लो निकायलाई पुर्ण सर्भिलेन्स प्रणालीमा पहुँच दिन्छ। यो प्रणालीले रोगको प्रवृति अनुगमन गर्न र नियन्त्रणका क्रियाकलापहरु प्रभावकारी रुपमा मुल्यांकन गर्न सहजता प्रदान गर्दछ। केसमा आधारित रिपोटिङले सही र जहिल्यै अध्यावधिक इपिडेमियोलोजिकल तथ्यांक उपलब्ध गराउँछ, जुन कुष्ठरोग नियन्क्रण कार्यत्रममा स्रोत वितरण र निर्णय लिनका लागि अत्यन्तै आवश्यक छ।

यस प्रणालीले धेरै रोगको भार भएका क्षेत्रहरु तथा वढी जोखिममा रहेका समुदायहरुलाई पहिचान गर्न मद्दत पुर्याउँछ। यसले तुरुन्त क्रियाकलापहरुको संचालन गर्न, वढी भार भएका क्षेत्रहरुमा लक्षित कार्यक्रमहरु तय गर्न सजिलो बनाउँछ, जस्तै विरामी पत्ता लगाउन सक्रिय खोजपडताल विधि, सम्पर्क





**उपलब्धि र सिकाई**

- आवस्यकता अनुसारका क्रियाकलापहरु निर्धारण गर्नका लागि रोगको वितरण र अवस्था वुझ्नु जरुरी हुन्छ
- नयां तथा सुधार गरिएका कुष्ठरोग नियन्त्रण कार्यक्रमहरु सक्रियतापुर्वक संचालन गर्न वा गराउनका लागि महिनै पिच्छे नक्सांकनको सहयोग लिनु अपरिहार्य हुन्छ
- प्राथमिकताका क्षेत्रहरु पत्ता लगाएर प्रभावकारी रुपमा स्रोत विनियोजनका लागि पनि नक्सांकन जरुरी छ
- अध्ययन, अनुसन्धानमा भौगोलिक तथ्यांकहरुले कुष्ठरोगको सर्ने क्रम, तौर तरिका र जोखिमका पक्षहरु गहिराईमा पुगेर नियाल्न मद्दत गर्दछन
- नक्सांकनलाई वकालत, पैरवी एर्व फण्डरेजिङ क्रियाकलापहरुमा पनि प्रभावकारी रुपमा प्रयोग गर्न सकिन्छ
- कुष्ठरोग कार्यक्रममा गतिविधिहरुलाई अझै प्रभावकारी वनाउन एवं छोटो तथा लामो समयका रणनीतिहरु तयार गर्न भौगोलिक तथ्यांकले ठुलो सहयोग पुऱ्याउदछन, जस्तै सर्ने क्रम रोक्ने वा रोग निवारणका रणनीतिहरु

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
मासिक समाचार पत्रिका
अंक २ , २०८१ भाद्र १५ , 31 Aug 2024

# प्रजनन स्वास्थ्य कार्यक्रम समीक्षा

प्रदेश स्वास्थ्य निर्देशनलायको आयोजनामा प्रजनन स्वास्थ्य कार्यक्रम समीक्षा संपनन गरियो । यस कार्यक्रममा यस प्रदेशमा अवस्थित संघीय, स्थानीय तथा प्रदेश अन्तर्गतका अस्पतालहरु, स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तथा जनसंख्या मंत्रालयका प्रजनन स्वास्थ्य कार्यक्रमका फोकल व्यक्तिहरुको सहभागिता रहेको थियो । विभिनन गैर सरकारी विकास साझेदार संस्थाहरुको व्यापक उपस्थिति रहेको थियो । यस कार्यक्रम संचालनको लागि आसमान नेपालको आर्थिक सहयोग रहेको थियो ।

कार्यक्रम संचालन मिति: २०८१/०४/२० गते बर्दीबास, महोत्तरीको गुंज होटलमा भएको थियो । समीक्षामा गत आ. व. मा. प्रजनन स्वास्थ्य अन्तर्गतका महत्वपुर्ण तथ्यांकको छलफल गरिएको थियो ।

औसतमा संस्थागत सुत्केरी बढ्दो क्रममा भएको देखिए पनि घरमा भैरहेको सुत्केरी संख्या घटाउन तथा स्वास्थ्य संस्था को दरलाई अझ बढाउन विभिन्न पहल गर्नुपर्ने सम्बन्धि छलफल गरियो । प्रोटोकल अनुसारको गर्भ जाँचको संख्या बढाउन उतिकै ज़रुरी देखियो भने PNC घरभेट कार्यक्रम पनि सुद्रिड गर्दै लैजानुपर्ने देखियो ।

परिवार योजना सेवा अन्तर्गत IUCD, IMPLANT को अभाव जिल्लाभरि रहेकोले सेवा दिन कठिनाई भएको फोकल व्यक्तिहरुको भनाइ रहेको थियो ।

सुरक्षित गर्भपतन सेवा प्रदेशभरि नै दयनीय अवस्थामा रहेकोले स्वास्थ्य संस्था तथा सेवा प्रदायकहरुलाई आवश्यक तालिम दिइ सेवा संचलानमा सहजता ल्याउनुपर्ने देखियो ।

MPDSR तथा RH Morbidity को तथ्यांक पुर्ण नरहेकोले सो को लागि थप तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्ने देखियो भने RH Morbidity अन्तर्गतका सेवा संचालन राम्रो ढंगले गर्नुका साथै विभिन्न संघ संस्थाहरुले पालिकामा दिएको सेवाको समयमै reporting हुनुपर्ने आवश्यक देखियो । यसैगरी उक्त कार्यक्रममा विभिन्न RH सम्बन्धी समस्याहरुको छलफल गरी सुधार गर्नुपर्ने पक्षहरुको बारेमा कार्य योजना बनाई कार्यक्रम सम्पन्न गरिएको थियो ।





मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
मासिक समाचार पत्रिका
अंक २ , २०८१ भाद्र १५ , 31 Aug 2024

# खोपको माग वृद्धिका लागि रणनीतिक कार्यशाला गोष्ठि सम्पन्न



प्रदेश स्वास्थ्य निर्देशनालय, मधेश प्रदेश र UNICEF को आयोजनामा ३ दिने खोपको माग वृद्धिका लागि रणनीतिक कार्यशाला गोष्ठि साउन ७ देखि ९ गते सम्म जनकपुरधाममा सम्पन्न भएको छ । खोप कार्यक्रमको पहुँच बृद्धिको लागि स्थानीय तहहरुको वडा तथा समुदाय स्तरमा खोप छुट्न सक्ने स्थान र समुहहरु पहिचान गरि उनीहरुलाई सेवाको उपभोगमा ल्याउनको लागि के कस्ता रणनितिहरु कसरी बनाउने भन्ने उद्देश्यले सञ्चालित कार्यक्रममा बर्दिवास नगरपालिका महोत्तरी र मुखियापट्टी मुसर्निया गाँउपालिका धनुषाका स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधिहरुको सहभागीता रहेको थियो ।





कार्यक्रममा सहभागीहरुले खोप कार्यक्रमका लागि स्थानीय स्तरमा गरिएका प्रयासहरु, उपलव्धीहरु, समुदाय स्तरमा भोगेका समस्या, बाधा अवरोध, कठिनाइहरु र समस्या समाधानका उपाएहरुको बारेमा व्यपक छलफल गरिएको थियो । छलफलबाट बर्दिवास नगरपालिका र मुखियापट्टी मुसर्निया गाँउपालिकाका खोप छुट्न सक्ने स्थान तथा समुदायहरु पहिचान गरि उनीहरुलाई खोप केन्द्र सम्म ल्याउन के कस्ता रणनीतिक कृयाकलायहरु सञ्चालन गर्ने, सोको लागि कसरी बजेट व्यवस्थापन गर्ने, जिम्मेवार निकायहरु को को हुने भन्ने विषयमा कार्ययोजना तयार गर्न सिकाईएको थियो । कार्यक्रममा निर्देशक राजीव कुमार झा ले खोप कार्यक्रम नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम भएकोले खोप सेवालाई स्थानीय स्तरमा सबै बालबालिकाहरुको पहँुच सुनिश्चितता गर्न तीनबटै सरकारको साझा दायीत्व रहेको बताए । “प्रदेश सरकारले खोप सेवा सञ्चालन र व्यवस्थापनका लागि हरेक वर्ष आफ्नो निती तथा कार्यक्रममा खोप कार्यक्रमलाई प्राथमिकतामा राखेर सोही अनुरुप काम गर्दै आईरहेको छ । खोप स्थानीय सरकारको पनि साझा दायित्य भित्र पर्ने हुनाले आफ्नो पालिका तथा समुदायमा सबै बालबालिकाले खोप सेवा लिन पाउने गरि व्यवस्था मिलाउन स्वास्थ्य शाखाहरुलाई अनुरोध गर्दै सोको लागि स्वास्थ्य निर्देशनालयको तर्फबाट कुनै सहयोग आवश्यक परेमा सधै तयार छौं” उनले भने ।



राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना तथा संचार केन्द्रका निर्देशक डा. भक्त के.सीले खोप सेवाको समग्र उपलव्धि राम्रै देखिएपनि समुदायको कुनै क्षेत्र, र समुदायको बालबालिकाहरु अझै पनि छुटिरहेको भन्दै उनीहरुमै केन्द्रित रहेर कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने बताए । UNICEF नेपालका व्यवहार परिवर्तन शाखा प्रमुख हम्वर्टो जैमे ले खोप सेवा लिनबाट कुनैपनि बालबालिका बञ्चित हुननहुने, खोप सेवालाई कसरी सहज र पहँचयोग्य बनाउन सकिन्छ सोको लागि सबै मिलेर काम गर्नुपर्ने बताए ।



कार्यक्रम प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक राजिव कुमार झाको अध्यक्षता, राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना तथा संचार केन्द्रका निर्देशक डा. भक्त के.सी को प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रमको सहजीकरण Common Thread का प्रतिनिधिहरुले गरेका थिए । यूनीसेफ फिल्ड कार्यालय, जनकपुरका स्वास्थ्य अधिकृत बेकी प्रशाईको सञ्चालनमा सम्पन्न भएको थियो ।
कार्यक्रममा स्वस्थ्य कार्यालय धनुषाका प्रमुख उमेश कुमार यादव, प्रदेश स्वास्थ्य निर्देशनालयका खोप अधिकृत लक्ष्मेश्वर झा, खोप अधिकृत राजदेव यादवको समेत सहभागिता रहेको थियो ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
मासिक समाचार पत्रिका
अंक २ , २०८१ भाद्र १५ , 31 Aug 2024

## द्रुत प्रतिकार्य सम्बन्धि कार्यशाला गोष्ठी


प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजना, स्वास्थ्य कार्यालयहरुको समन्वय तथा विश्व स्वास्थ्य संगठन को बित्तिय तथा प्राबिधिक सहयोगमा पलिकाहरुमा द्रुत प्रतिकार्य सम्बन्धि कार्यशाला गोष्ठी संचालन भएको छ। स्वास्थ्य आपतकालीन अवस्थाको पूर्वतयारी तथा प्रतिकर्यको लागि RRT , RRC गठन तथा अभिमुखीकरण अपरिहार्य रहेको छ।











**सप्तरी : तिरहुत, खडक, शम्भुनाथ, रुपानी, अग्निसाइर कृष्णसवरण, कञ्चनरुप र सप्तकोशी पलिकाहरुमा RRC र RRT टोली गठन सम्पन्न भएको छ ।**

**सिरहा : सुखीपुर, गोलबजार, मिर्चैया, कर्जनहा, नरहा, कल्याणपुर, भगवानपुर, औरही, बरियारपट्टी, अर्नामा, धनगढीमाई, लक्ष्मीपुर, लहान, विष्णुपुर, नवराजपुर, सिरहा, सखुवानङ्करकट्टी पलिकाहरुमा RRC र RRT टोली गठन सम्पन्न भएको छ ।**

**पर्सा : बिन्दवासिनी, जिरभवानी, सखुवाप्रसौनी, पर्सागढी, बहुदरमाई, पोखरिया, पटेरवा सुगौली, ठोरी , धोविनी , चिप्परमाई , जगनाथपुर, पकाहा मैनपुर , कालिकामाई पालिकाहरुमा RRC र RRT टोली गठन सम्पन्न भएको छ ।**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
सपही, धनुषा, नेपाल
**मासिक समाचार पत्रिका**
अंक २ , २०८१ भाद्र १५ , 31 Aug 2024

## प्रदेश स्तरीय तथ्याँक व्यवस्थापन समिति (DMC) को बैठक सम्पन्न



प्रदेश स्तरीय तथ्याँक व्यवस्थापन समिति (DMC) को बैठक साउन ३१ गते स्वास्थ्य निर्देशनालय, सपहीमा सम्पन्न भएको छ। प्रदेश स्वास्थ्य निर्देशनालयका का निर्देशक तथा समितिका संयोजक डा राजीव कुमार झा को संयोजकत्वमा सञ्चालित बैठकले तथ्याँकको गुणस्तर र व्यवस्थापन सम्वन्धि विविध विषयमा छलफल गरिएको थियो। बैठकको सहजीकरण गर्दै स्वास्थ्य निर्देशनालयका तथ्याँक अधिकृत सरोज कुमार यादवले स्वास्थ्य संस्था तथा स्थानीय तहको वार्षिक समिक्षामा कुन कुन कार्यक्रमहरुको सन्दर्भमा के के सुचांकहरु राख्ने भन्ने विषयमा प्रश्तुतीकरण गरेका थिए र सो को आधारमा व्यापक छलफल गरि एउटा Standard Presentation Template तयार गरियो।

साथै बैठकले तथ्याँक व्यवस्थापन समितिको पुनर्गठन गर्ने, जिल्ला स्तरमा स्थानीय तहहरुको नियमित मासिक बैठक सञ्चालनका लागि समन्वय र सहयोग गर्ने तथा आ.व. २०८०/०८१ को स्वास्थ्यका कार्यक्रमहरुको वार्षिक समिक्षा सञ्चालन स्थानीय तह हरुको भदौ १५ गते भित्र र जिल्ला स्तरको समिक्षा भदौ मसान्त सम्म सञ्चालनका लागि परिपत्र तथा प्रश्तुतीकरण तयार गर्नका लागि एयधभच एयष्लत एचभकभलतबतष्यल त्झउभित तयार गरि पठाउने निर्णय गरेको छ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिहरु, स्वास्थ्य निर्देशनालयका विभिन्न कार्यक्रम संग सम्वनिधत फोकल पर्सनहरु, तथ्याँक अधिकृतहरु, साथै सहयोगी निकायहरु WHO, UNICEF, UNFPA, Save the Children, USAID/ARH, WHH का प्रतिनिधिहरुको सहभागिता रहेको थियो। समितिको नियमित बैठक मासिक रुपमा हरेक महिनाको २५ गते बस्ने छ।






मनोचिकित्सक सल्लाहकार डा. रचना शर्माले नेपाली क्यालेन्डर अनुसार हरेक महिनाको पहिलो शुक्रबार मानसिक स्वास्थ्य सेवा प्रदान गर्छिन् । उनले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) र विश्व स्वास्थ्य संगठन (WHO) नेपालको सहयोगमा बर्दिवास र मधेस प्रदेशको महोत्तरी जिल्लाको प्रादेशिक जलेश्वर अस्पतालमा यी सेवाहरू उपलब्ध गराएकी छिन्।

नेपाली क्यालेन्डर अनुसार हरेक महिनाको दोस्रो शुक्रबार मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने सल्लाहकार मनोचिकित्सक डा. उनले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) र विश्व स्वास्थ्य संगठनको सहयोगमा मधेस प्रदेशको रौतहट जिल्लाको गौर अस्पतालमा यी सेवाहरू प्रदान गर्छिन्।

सम्पादक मण्डल

**१. डा राजीव कुमार झा (निर्देशक, स्वास्थ्य निर्देशनालय)**

**२. लक्ष्मेश्वर झा (खोप अधिकृत)**

**३. सरोज कुमार यादव (तथ्यांक अधिकृत )**

**४. मोहम्मद जावेद (प्राविधिक सहयोग, PHEOC)**